website
mail

प्रदेश सरकार

प्रदेश नं. ५

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

visit Nepal 2020 Lifetime Experiences

बुटवल, नेपाल

पत्र संख्या:- २०७६/७७

चलानी नं.:- १३७०

(प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं. ५, बुटवल)

मिति:- २०७६/१२/१६

विषय:- निर्णयहरु कार्यान्वयनको लागि पठाईएको सम्बन्धमा ।

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,
श्री आर्थिक मामिला तथा योजना मन्त्रालय,
श्री उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय,
श्री भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,
श्री भौतिक पूर्वाधार विकास मन्त्रालय,
श्री सामाजिक विकास मन्त्रालय,
प्रदेश नं. ५, बुटवल ।

प्रस्तुत विषयमा मिति २०७६/१२/१६ गते प्रमुख सचिवज्यूको अध्यक्षतामा वसेको ६२ औं सचिव बैठकका निर्णयहरु आवश्यक कार्यान्वयनको लागि यसै साथ संलग्न गरी पठाईएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

.......................

कृष्ण प्रसाद पराजुली
अधिकृत सातौं

<u>सादर अवगतार्थः</u>

माननीय मुख्यमन्त्रीज्यू ।

माननीय मन्त्रीज्यू (सबै मन्त्रालय)

infocmofficep5@gmail.com, 071-550610 facebook.com/ocmcm.p5 @Ocmcmp5

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्
प्रदेश नं. ५

**निर्णयहरु**

१. नेपाल सरकारबाट गठित नोभल रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिबाट निर्णय भई परिपत्र गरिएका विषयहरुमा मन्त्रालयको जिम्मेवारीबमोजिमका कार्यहरु सवै मन्त्रालयहरुले प्रभावकारी रुपमा साथ कार्यान्वयन गर्ने, गराउने।

२. नेपाल सरकार तथा अन्य निकायबाट यस प्रदेशमा उपलब्ध हुने स्वास्थ्य उपकरण र औषधी लगायतका वस्तुहरु संकलन तथा वितरण गर्न देहायबमोजिमका समिति गठन गर्ने ।

**समन्वय तथा सहजीकरण समिति**

| | |
|---|---|
| क. सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | संयोजक |
| ख. सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय | सदस्य |
| ग. सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| घ. सचिव, सामाजिक विकास मन्त्रालय | सदस्य |
| ङ. स्वास्थ्य निर्देशक, स्वास्थ्य निर्देशनालय | सदस्य |
| च. प्रमुख, स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | सदस्य सचिव |

**संकलन तथा वितरण उपसमिति**

| | |
|---|---|
| क. उपसचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | संयोजक |
| ख. उपसचिव, श्री हरिसिह धामी, आन्तरिक मामिला ता कानून मन्त्रालय | सदस्य |
| ग. अधिकृत नवौं, श्री केशव अर्याल, सामाजिक विकास मन्त्रालय | सदस्य |
| घ. प्रहरी नायव उपरिक्षक, सशस्त्र प्रहरी वल, वुटवल | सदस्य |
| ङ. डा. पुष्प पौडेल, सामाजिक विकास मन्त्रालय, | सदस्य |
| च. वायोमेडिकल इन्जिनियर, स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, | सदस्य |
| छ. श्री कृष्ण पराजुली, अधिकृत सातौं, मु. म तथा म.प. कार्यालय, | सदस्य सचिव |

यस उपसमितिलाइ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र लुम्विनी प्रादेशिक अस्पतालका स्टोरकिपर तथा प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्रका फर्मासिष्टले आवश्यक सहयोग गर्ने ।

प्रमुख सचिव

३. कोरोना भाइरसको नियन्त्रण तथा रोकथामका लागि नेपाल सरकारबाट घोषित "लकडाउन"का समयमा अत्यावश्यक सेवा तथा वस्तु प्रवाह गर्ने कार्यालयहरुबाट सहज, सुलभ र प्रभावकारी रुपमा सेवा प्रवाह गर्ने व्यवस्था मिलाउन तथा आगामी दिनमा आउनसक्ने आकस्मिक समयमा सम्वोधनका लागि लागि Back up Plan तयार गर्न देहायको समिति गठन गर्ने ।

| | |
|---|---|
| क. सचिव, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय- | संयोजक |
| ख. सचिव, भूमिव्यवस्था कृषि तथा सहकारी मन्त्रालय | सदस्य |
| ग. सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय | सदस्य |
| घ. प्रशासन महाशाखा प्रमुख, उद्योग, पर्यटन, वन तथा वातावरण | सदस्य सचिव |

४. लकडाउनको अवधिमा आमजनताको शान्ती सुरक्षा कायम गर्ने विषयमा आन्तरिक मामिला तथा कानून मन्त्रालय र नियमित स्वास्थ्यसेवा प्रवाह गर्ने बिषयमा सामाजिक विकास मन्त्रालयले पर्याप्त ध्यान दिने ।

२०७६।१२।१६

प्रमुख सचिव